# सखुवा प्रसौनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सखुवा प्रसौनी,पर्सा

## मधेश प्रदेश,नेपाल

पत्र संख्या :०८२।०८३

चलानी नं :

## सडक मर्मत सम्भार कामदार/समूह आवश्यकता सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशन मितिः२०८२/१०/२३ गते)

पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्साले मधेश सहिद मार्ग ( चोर्नी- सोलखपुर-वसन्तपुर ),गण्डक नहर रोड( भारत सिमा-मसिहानी- वहुअरी पिडारी वहुदरमाइ-वीरगंज) तथा रामनगरी-महुवन-सखुवा प्रसौनी -रंगपुर टाँडी सडकको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मतसम्भार कामदारहरू आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| चोर्नी | बसन्तपुर | | २ (दुइ) जना | |
| भारत सिमा-मसिहानी | वहुअरी पिडारी वहुदरमाई | | १ (एक) जना | |
| रामनगरी | रंगपुर टाँडी | | २ (दुइ) जना | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह(RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरू राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्सा मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस मधेश सहिद मार्ग ( चोर्नी- सोलखपुर-वसन्तपुर ),गण्डक नहर रोड( भारत सिमा-मसिहानी- वहुअरी पिडारी वहुदरमाइ-वीरगंज) तथा रामनगरी-महुवन-सखुवा प्रसौनी -रंगपुर टाँडी सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.ब. २०८२/०८३ को लागि ५ (पाँच) जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस सखुवा प्रसौनी गाउँपालिकालाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस सखुवा प्रसौनी गाउँपालिका कार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्डः**

**१. प्राविधिक मापदण्ड**

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ।

CamScanner

# सखुवा प्रसौनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सखुवा प्रसौनी,पर्सा

### मधेश प्रदेश,नेपाल

पत्र संख्या :०८२।०८३

चलानी नं :

- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ।

२. **सामाजिक मापदण्ड**

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ।
- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रबर्धन गरिनेछ। छनौट गरिएका मर्मत सम्भार कामदारहरू कम्तिमा ५०% महिला हुनुपर्नेछ। सम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरू महिला हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, बिपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ।

**३. दरखास्त दिने अन्तिम मिति समय ,स्थान र दस्तुर**

- आवेदनको अन्तिम मिति : २०८२ माघ २९ गते सम्म
- समय-: कार्यालय समय भित्र
- सम्पर्क स्थान :सखुवा प्रसौनी गाउँपालिकाको कार्यालय, सखुवा प्रसौनी , पर्सा ।
- आवेदन दस्तुर :रु १००/- (एक सय)

**४. पेश गर्नुपर्ने कागजातहरु :-**

- निवेदन
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धीत वडा कार्यालयवाट आय कर सिफारीस ।
- दलित , जनजाति प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

**पारिश्रमिक भुक्तानी** : श्री पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्साबाट नियामानुसार मासिक पारिश्रमिक भुक्तानी हुनेछ ।

..........................................

प्रमुख प्रशासकीय अधिकृत

**संजिव कुमार यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

नोट : कार्यालयले आवश्यक ठानेमा RMG guidelines संशोधन हुन सक्नेछ ।

CamScanner